# श्री कनकासुन्दरी माध्यमिक विद्यालय

# Shree Kanakasundari Secondary School

कनकासुन्दरी ५ लुड्कु, जुम्ला
स्था: २०३६

Kanakasundari 5 Ludku, Jumla
Est. 2036

श्री कनकासुन्दरी मा. वि. लुड्कु सिंजा जुम्ला स्था. २०३६

प स: ०८३/०८४

मिति: २०८३/०४/२५

च न: ९

श्री: जो जसँग सम्बन्ध छ।

**विषय सरुवा सहमतिका लागि :दरखास्त आह्वान सम्बन्धमा।**

प्रस्तुत विषय सम्बन्धमा यस विद्यालयमा प्राथमिक तह तृतीय श्रेणीको दरबन्दी रिक्त रहेको हुँदा शिक्षा नियमावली, २०५९ (दशौं संशोधन २०८३) को सरुवासम्बन्धी व्यवस्थाबमोजिम उक्त दरबन्दी शिक्षक सरुवामार्फत पूर्ति गर्नुपर्ने भएकाले प्राथमिक तह, तृतीय श्रेणी स्थायी दरबन्दीमा कार्यरत शिक्षक सरुवाका लागि योग्य, इच्छुक शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८३/०५/०८ सम्म) कार्यालय समयभित्र सरुवा सहमतिका लागि दरखास्त आह्वान गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरू:**

- सरुवाका लागि निवेदन।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
- आफ्नो सेवा अवधि खुल्ने कागजात।
- स्थायी/अस्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि।
- शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि।
- हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात।
- असाधारण तथा बेतलबी बिदा लिएनलिएको सम्बन्धित कागजात। /
- विद्यालयको सहमति पत्र।
- सम्बन्धित स्थानीय तहको सहमति पत्र।
- शिक्षा नियमावली दशौं संशोधन, २०८३ बमोजिम प्राथमिकतामा दाबी गर्ने प्रमाण कागजात (आवश्यक भएमा)।
- शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको फारम।

उक्त अवधिभित्र प्राप्त निवेदनहरू शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३) तथा प्रचलित कानुनबमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**बोधार्थ :**

१) श्री शिक्षा विकास तथा समन्वय एकाइ, जुम्ला - जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि।
२) श्री कनकासुन्दरी गाउँकार्यपालिकाको कार्यालय जुम्ला - जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि।
३) विद्यालयको सूचना पाटीमा तथा सामाजिक सञ्जालमा प्रकाशनका लागि।

नारायण प्रसाद न्यौपान
प्रधानाध्यापक